नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-स्था.त.स.शा./पत्राचार/फा.नं.१./२०७६/७७

मितिः- २०७६/१०/२६

चलानी नं.:- ३००

विषयः- आयोडिन सम्बन्धी महिनाव्यापी कार्यक्रम मनाउने सम्बन्धमा।

श्री महानगरपालिका, सबै।

श्री उपमहानगरपालिका, सबै।

श्री नगरपालिका, सबै।

श्री गाउँपालिका, सबै ।

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या अन्तर्गतको प.सं. ०७६/०७७, च.नं.६७७, मिति २०७६/१०/२२ को आयोडिन सम्बन्धी महिनाव्यापी कार्यक्रम मनाउने सम्बन्धी प्राप्त पत्र संलग्न छ। सो सम्बन्धमा थप व्यहोरा पत्रबाटै अवगत गर्नुभई आवश्यक सहयोग र समन्वयको लागि आदेशानुसार अनुरोध छ।

.............................

जनकराज शर्मा

शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाण्डौं।

श्री सूचना तथा प्रविधि शाखा, website मा upload गरिदिनुहुन।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**स्वास्थ्य सेवा विभाग**
**परिवार कल्याण महाशाखा**
टेकु, काठमाडौं,नेपाल ।

निर्देशक : ४२६१६६०
४२६२२६३ (Fax)
४२१९२१८
४२२५५५८
४२६६५७३

प.सं. २०७६/०७७ च.नं. ६66

मिति: २०७६/१०/२२

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

श्री संघिय मामिला तथा सामान्य प्रशासन मंत्रालय
सिंहदरबार, काठमाडौं नेपाल

**बिषय : आयोडिन सम्बन्धि महिनाब्यापी कार्यक्रम मनाउने बारे।**

उपरोक्त सम्बन्धमा नेपालमा प्राकृतिक श्रोतबाट आयोडिन पर्याप्त मात्रामा नपाइने हुनाले यसको कमीले मानिस तथा जनावरमा हुने बिकृतिहरु नियन्त्रण गर्न नेपाल सरकारले विभिन्न प्रयासहरु गर्दै आइरहेको भएतापनि अझै यो जनस्वास्थ्यको समस्याको रुपमा रहेको छ। यो समस्या समाधान गर्नकोलागि नेपाल सरकारले सबै नेपाली जनतामा आयोडिनयुक्त नुनको पहुँच बढाउने नीति लिएको छ र यसकालागि सहि मात्रामा आयोडिन भएको नुनको प्रमाणीकरण चिन्ह "दुइ बालबालिकाको लोगो" भएको प्याकेटको नुनको मागमा वृद्धि गरि वितरण गर्ने रणनीति अपनाएको छ।

यसै सन्दर्भमा आयोडिनको कमि भएका विश्वका १३० देशहरुमा आयोडिनको कमीले हुने बिकृतिहरुको बारे जानकारी दिई नियन्त्रण गर्ने उपायहरुका बारे जनचेतना जगाउन हरेक बर्षको फेब्रुअरी महिना र यो वर्ष माघ १८ देखि फाल्गुन १७ गते आयोडिनको बारेमा जनचेतना जगाउने बिशेष महिनाको रुपमा मनाउदै आइरहेका छौ । यो महिनाब्यापी कार्यक्रमले आयोडिनको कमीले हुने विकृतिहरु नियन्त्रण गर्न मद्दत गर्ने बिश्वास लिदै यस आर्थिक वर्ष २०७६/७७ मा पनि सम्पूर्ण प्रदेश तथा पालिकाहरुमा आबश्यक बजेट बिनियोजन गरिएकोले सो महिना भव्यताका साथ मनाउन सम्पूर्ण स्थानीय निकायहरुमा समन्वय गरिदिनुहुन अनुरोध छ। साथै यो महिना मनाउनको लागि बिस्तृत मार्गदर्शन पनि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय बाट प्रकाशित प्रदेश तथा स्थानीय निकाय कार्यसंचालन मार्गदर्शनमा रहेको जानकारी समेत गराउन चाहन्छु।

**बोधार्थ:**

१ साल्ट ट्रेडिङ्ग कर्पोरेशन, कालिमाटी
२. सामाजिक विकास मंत्रालय , सातै प्रदेश
३.युनिसेफ नेपाल
४. सुआहारा २ कार्यक्रम
आबश्यक समन्वय र सहकार्यको लागि

Pkarn
.........................
डा. भिम सिंह तिंकरी
निर्देशक
निर्देशक